जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ८५ २०८३ साल कात्तिक १३ गते शुक्रबार (30 Oct 2026 Friday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : अलकत्राको विकल्पमा अब... ३ पृष्ठमा : प्रेस स्वतन्त्रता अक्षुण्ण राख्दै ... ३ पृष्ठमा गंगाजल सन्धि नवीकरणका...

कोशी ब्यारेजको विकल्पमा सुनसरीको राजाबासदेखि सप्तरीको कञ्चनपुरसम्म पुल निर्माण हुने

दैनिक समाचारदाता
राजविराज, १२ कात्तिक ।

कोसी ब्यारेजको वैकल्पिक पुलको रुपमा एसियाली विकास बैंक (एडीबी) को सहयोगमा सुनसरीको राजाबासदेखि सप्तरीको कञ्चनपुरसम्म तीन किलोमिटर लामो नयाँ पुल निर्माण हुने भएको छ ।

एसियाली विकास बैंकको सडक निर्देशनालयका प्रमुख वरिष्ठ इन्जिनियर चुडाराज ढकालका अनुसार यस पुल निर्माणले पूर्व-पश्चिम राजमार्गको यात्रा दूरी घटाउने अपेक्षा गरिएको छ ।

उनका अनुसार हाल नयाँ पुल तथा सडक निर्माण सम्बन्धी आवश्यक प्राविधिक तयारी भइरहेको र केही वर्षअघि तयार पारिएको विस्तृत प्रतिवेदनले परियोजनाको कुल अनुमानित लागत करिब ४३ अर्ब रुपैयाँ तय गरिएको छ ।

प्रस्तावित पुल र नयाँ सडक खण्ड निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्गको कुल दूरी १४ किलोमिटरले घट्नेछ । परियोजना अन्तर्गत मुख्य पुलका अतिरिक्त थप ४३ किलोमिटर नयाँ सडक समेत निर्माण गर्नुपर्ने हुन्छ ।

परियोजना क्षेत्र कोसी टप्पु वन्यजन्तु आरक्षसँग जोडिएकाले वातावरणीय एवं कानुनी स्वीकृतिका केही विषयहरूका कारण काम अघि बढाउन ढिलाइ भएको उनको भनाई छ । आरक्षसँग सम्बन्धित प्रक्रियागत कार्यहरू टुङ्ग्याएर निर्माण कार्यलाई गति दिने तयारी भइरहेको उनले जानकारी दिए ।

भन्सार छलीको लाखौंका सामानसहित तीन पक्राउ

दैनिक समाचारदाता
सुनसरी, १२ कात्तिक ।

सुनसरीको धरानबाट प्रहरीले भन्सार छली गरी ल्याइएको सामानसहित तीन जनालाई पक्राउ गरेको छ ।

इटहरीबाट धरानतर्फ आउँदै गरेको को २ ख १६१८ नम्बरको मिनी ट्रक जाँच गर्ने क्रममा भन्सार छली गरी ल्याइएका ९ लाख ८२ हजार ५० हजार बराबरको किराना तथा खाद्यान्न सामग्रीसहित उनीहरुलाई पक्राउ गरिएको हो ।

इलाका प्रहरी कार्यालय धरान र अस्थायी प्रहरी चौकी तीनकुनेबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा विराटनगर महानगरपालिका ४ का २५ वर्षीय चालक प्रदीपकुमार साह, जहदा गाउँपालिका १ का ४२ वर्षीय सहचालक भूपेन्द्र राजवंशी र सोही ठाउँका सहचालक कात्तिक राजवंशीलाई पक्राउ गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यलय सुनसरीका, सुचना अधिकारी चन्द्रबहादुर खड्काले बरामद गरिएको सामान, मिनी ट्रक र पक्राउ परेका तीनै जनालाई आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय धरानमा राखिएको जानकारी दिए ।

सरकारद्वारा साइबर सुरक्षा एड्भाइजरी जारी

काठमाडौँ, १२ कात्तिक (रासस) ।

राष्ट्रिय साइबर सुरक्षा केन्द्रले साइबर सुरक्षा एड्भाइजरी गरेको छ ।

हालै नोड डट जेएस रनटाइममा नोड टु सेललगायतका गम्भीरसुरक्षा कमजोरीहरू पहिचान भएको उल्लेख गर्दै केन्द्रले सम्बन्धित निकायका प्रणाली तथा वेब एप्लिकेशनमा प्रयोग भएका नोड डट जेएस रनटाइमको भर्सन जाँच गरी नयाँ भर्सन अद्यावधिक गर्न आग्रह गरेको हो ।

"कमजोरीको दुरूपयोग भएमा सम्बन्धित प्रणालीमा अनधिकृत पहुँच प्राप्त हुने, सेवा अवरुद्ध हुने तथा प्रणालीमा चलिरहेका कार्यहरूमा अनधिकृत नियन्त्रण कायम हुनसक्ने जोखिम रहन्छ । यसबाट बच्न सुरक्षा उपायहरू अबलम्बन गर्न अनुरोध छ", केन्द्रले भनेको छ ।

केन्द्रले बुधबारै एक परिपत्र जारी गर्दै वेबसाइटहरू सुरक्षित गर्न वैध एसएसएल/टिएलएस प्रमाणपत्र अनिवार्य रूपमा लागू गर्न पनि निर्देशन दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय मातहत रहेको केन्द्रले सङ्घीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेश मन्त्रालय, नेपाल नगरपालिका सङ्घ तथा गाउँपालिका राष्ट्रिय महासङ्घलाई पत्राचार गर्दै वेबसाइटको सुरक्षा मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेको हो ।

केन्द्रले पछिल्ला दिनमा साइबर सुरक्षा जोखिम बढ्दै गएको सन्दर्भमा प्रयोगकर्ताको तथ्याङ्क सुरक्षित रूपमा आदानप्रदान गर्न वेबसाइटमा इन्क्रिप्सन व्यवस्था अनिवार्य गर्नुपर्ने जनाएको छ । त्यसका लागि टिएलएस १.२ वा टिएलएस १.३ प्रोटोकलसहितको वैध एसएसएल/टिएलएस प्रमाणपत्र प्रयोग गर्नुपर्ने निर्देशनमा उल्लेख छ ।

निर्देशनअनुसार सबै सरकारी निकायले आफ्ना वेबसाइटमा प्रयोग भइरहेको एसएसएल/टिएलएस प्रमाणपत्रको वैधता तत्काल जाँच गर्नुपर्नेछ । प्रमाणपत्र नभएका वा म्याद समाप्त भएका वेबसाइटमा आधिकारिक तथा विश्वसनीय निकायबाट वैध प्रमाणपत्र जारी गरी जडान र कन्फिगरेसन गर्नुपर्नेछ ।

त्यस्तै, वेबसाइटलाई एचटिटिपिएस माध्यमबाट मात्र सञ्चालन हुने व्यवस्था मिलाउन र टिएलएस १.२ तथा टिएलएस १.३ जस्ता पुराना तथा असुरक्षित प्रोटोकल पूर्ण रूपमा बन्द गर्न पनि केन्द्रले निर्देशन दिएको छ ।

एसएसएल/टिएलएस प्रमाणपत्रको म्याद समाप्त हुनुअगावै नियमित नवीकरण गर्ने व्यवस्था मिलाउन तथा वेबसाइटको सुरक्षामा देखिने कमजोरीबाट साइबर आक्रमणको जोखिम न्यूनीकरण गर्न अन्य आवश्यक सुरक्षा मापदण्डसमेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न केन्द्रले आग्रह गरेको छ ।

सरकारी वेबसाइटको सुरक्षा सुदृढ गर्दै नागरिकका व्यक्तिगत विवरण तथा अन्य संवेदनशील सूचनाको संरक्षण गर्न यस्तो व्यवस्था आवश्यक रहेको केन्द्रले जनाएको छ ।

नागरिकप्रति प्रहरी संगठन समर्पित छ : नेपाल प्रहरी

काठमाडौँ, १२ कात्तिक (रासस) ।

नेपाल प्रहरीले सरकारको नीति निर्देशनअनुसार नागरिकप्रतिको विधिसम्मत जिम्मेवारी एवं उत्तरदायित्व निर्वाह गर्न प्रहरी सङ्गठन सदैव समर्पित रहेको स्पष्ट पारेको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले बिहीबार विज्ञप्ति जारी गर्दै कुनै पनि प्रकारका भ्रामक प्रचार, अनावश्यक दबाब वा गैरकानुनी गतिविधिबाट विचलित नभई संवैधानिक तथा कानुनी जिम्मेवारी पूरा गर्न प्रहरी कटिबद्ध रहेको स्पष्ट पार्नुभयो ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीसँग जोडेर सार्वजनिक भएका अपुष्ट र अनुमानका समाचार तथा टिप्पणीले आमनागरिकमा भ्रम सिर्जना गरेको भन्दै उहाँले अपुष्ट, भ्रामक, तथ्यहिन र स्वार्थकेन्द्रित सूचनाको पछि नलाग्न अनुरोध गर्नुभएको छ ।

"सङ्गठनको प्रतिष्ठा, व्यावसायियिकता तथा

बाँकी अन्तिम पृष्ठमा

सामाजिक सञ्जाल प्रयोगमा सतकर्ता अपनाऔं

❖ सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं,
❖ राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,

❖ कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
❖ जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
❖ शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

अखाद्यय खाने बस्तुप्रति सचेत रहौ

अहिले चाडपर्वको बेला विभिन्न खाद्यान्नदेखी अन्य दैनिक उपभोग्य बस्तुहरुमा मिसावट हुने क्रम बढ्दो छ । अखाद्यय बस्तु सेवनका कारण अकालमै विभिन्न रोगहरुको सामना गर्नुपरिरहेको अवस्था छ । विभिन्न होटलहरुमा बासी तथा सडेगलेका खानेकुराहरु खुल्लेआम विक्रि भईरहेको छ । अधिकांश होटलहरुमा मिसावटयुक्त नास्ता र सडेगलेका बासी खानेकुराहरु विक्रि वितरण हुने गरेको छ । सर्वसाधारणहरुको स्वास्थ्यलाई सिधै हानि पुर्‍याउने खालका खानेकुराहरु विक्रि वितरण हुने गरेपनि त्यसलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जान सकेको छैन ।

खानपिनमा ख्याल गर्न सकेमा हामीलाई निरोगि बन्न सक्छौं । सर्वसाधारणको स्वास्थ्यमाथि खेलवाड गर्ने गरी खुल्लेआम मिसावटयुक्त तथा बासी र सडेगलेका खानेकुराहरु विक्रि वितरण गर्ने होटलहरुमा पटक पटक जिल्ला अनुगमन टोलीले पक्राउ गरेपनि कुनै ठोस आवश्यक कानुनी कार्बाही नगरेकै कारणले यी बासी तथा सडेगलेका खानेकुराहरु विक्रि वितरण न्यूनिकरण हुनुको साटो झनै फष्टाउँदै गएको छ ।

तसर्थ सर्वसाधारणको स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने खानेकुराहरु प्रति सम्बन्धित निकायले पनि नियमित रुपमा अनुगमन तथा कार्बाही प्रक्रिया अगाडी बढाउनुपर्ने जरुरी देखिन्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

अलकत्राको विकल्पमा अब सिमेन्टको कङ्क्रिट

हिमाल लम्साल
काठमाडौँ, १२ कात्तिक (रासस) ।

सरकारले बिटुमिनको विकल्पमा स्वदेशमै उत्पादन भएको सिमेन्टबाट कङ्क्रिटको सडक बनाउने कार्यविधि ल्याएसँगै अब निर्माण हुने सडकको गुणस्तर राम्रो हुने अपेक्षा गरिएको छ । वर्षौंदेखि नेपालका अधिकांश सडक परियोजना विदेशबाट आयातित बिटुमिन (अलकत्रा)को प्रयोग गरेर अस्फाल्ट कालोपत्र हुँदै आइरहेकामा अब कङ्क्रिटको सडकको आयु धेरै हुने र यसले दुर्घटनालाई पनि न्यूनीकरण गर्न सहयोग पुग्नेछ ।

सरकारले स्वदेशी सिमेन्ट उद्योगलाई प्रवर्द्धन र विदेशी मुद्राको सञ्चिति जोगाउनको लागि भन्दै स्वदेशी सिमेन्ट उद्योगबाटै उत्पादन भएको सिमेन्टको प्रयोग गरेर कङ्क्रिटको सडक तयार पार्ने योजना अघि सारेको छ । मन्त्रिपरिषद्को यही असोज ३० गतेको बैठकले 'सार्वजनिक खरिदमा स्वदेशी उत्पादनको प्रवर्द्धन र प्रयोगसम्बन्धी निर्देशिका, २०८३' स्वीकृत गरेसँगै सडक निर्माणमा आयातित बिटुमिन (अलकत्रा)को विकल्पमा स्वदेशी सिमेन्टबाट बन्ने कङ्क्रिट सडकलाई प्राथमिकता दिने नीतिगत आधार तयार पारेको छ । नीतिगत आधार तयार भएसँगै नेपालमा पनि सिमेन्ट प्रयोग गरेर कङ्क्रिटको सडक निर्माण गर्ने बाटो खुलेको छ ।

कार्यविधिमा सडक निर्माण गर्दा आयातित बिटुमिनमा आधारित कालोपत्रेको विकल्पमा प्राविधिक रूपमा उपयुक्त भएमा स्वदेशी सिमेन्ट, स्थानीय सामग्रीको प्रयोग हुने सिमेन्ट कङ्क्रिट (पिसिसी) सडक, ढुङ्गाको पेभमेन्ट वा अन्य उपयुक्त निर्माण प्रविधि तथा भवन निर्माण गर्दा आयातित ग्रेनाइट, टायल वा अन्य फिनिसिङ सामग्रीको विकल्पमा स्वदेशी मार्बल, ढुङ्गा, स्लेट, टायललगायतका सामग्रीको प्रयोग गर्ने गरी डिजाइन गर्नुपर्नेछ ।

एकातर्फ विदेशबाट बिटुमन आयात गर्दा नेपाली मुद्रा विदेसिने गर्थ्यो भने अर्कोतर्फ भने विदेशी मुलुकमाथिको परनिर्भरता पनि बढ्दै आइरहेको थियो । सरकारको निर्णय सकारात्मक रहेको बताउँदै नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंह भन्नुहुन्छ, "सरकारले ढिलै भए पनि राम्रो निर्णय गरेको छ । यो निर्णय मुलुकको अर्थतन्त्रसँग गाँसिएको छ । रोजगारी पनि सिर्जना हुने र हाम्रै मुलुकमा भएको उत्पादन भएको सिमेन्टको पनि उपयोग हुने कुरा हो । यसलाई सरकारले प्रोत्साहन पनि गर्नुपर्छ ।"

उहाँका अनुसार सामान्य ठाउँमा सात मिटर चौडा भएको एक किलोमिटर बनाउनुभन्दा सिमेन्टको कङ्क्रिटको सुरुआती लागत एक दशमलव छ गुणा बढी भए पनि सिमेन्टको कङ्क्रिटको आयु बिटुमिनभन्दा तीनगुणा बढी हुनेछ ।

राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजङ्ग थापा बिटुमिनको सट्टामा सिमेन्टको कङ्क्रिटको सडक बनाउने योजना निकै व्यावहारिक र समय सान्दर्भिक रहेको बताउनुहुन्छ । "सिमेन्टको कङ्क्रिटले पिच गर्दा पनि 'लो कस्ट' प्रविधि प्रयोग गरियो भने जस्तै 'रोलर कम्प्याक्टेड कङ्क्रिट', अलकत्राको कालोपत्र बनाउने पैसामा नै सिमेन्टको सडक बन्नसक्छ । त्यसमा फलामे छडहरु पनि राख्नुपर्दैन", उहाँले भन्नुभयो, "हामीलाई महँगो पर्ने भनेको सिमेन्टमा छड हालेर बनाउँदा हो । हामीले त्यो नयाँ प्रविधि प्रयोग गर्‍यौं भने छड नै चाहिँदैन । त्यसलाई 'रोलर कम्प्याक्टेड कङ्क्रिट पेभमेन्ट' भन्ने गरिन्छ । सामान्य आरसिसी पेभमेन्टमा पनि हामीले नचाहिने ठाउँमा छड हाल्नु पर्दैन । हामीलाई चाहिने भनेको सिमेन्टको बढी कम्प्रेसिभ स्ट्रेन्थ (शक्ति) हो ।"

अम्बे सिमेन्टका बरिष्ठ बिक्री प्रबन्धक राजु तिमिल्सनाले सरकारले स्वदेशी सिमेन्ट उद्योगलाई प्रवर्द्धन गर्ने नीति ल्याउनु पक्कै पनि सह्रानीय भएको बताउनुभयो । "सरकारले स्वदेशी सिमेन्ट उद्योगलाई प्रवर्द्धन गर्ने गरी सडक पिच गर्ने योजना पक्कै पनि राम्रो छ," उहाँले भन्नुभयो, "यसलाई कार्यान्वयन गर्न सकेको खण्डमा स्वदेशी सिमेन्ट उद्योग धेरै लाभान्वित हुनेछन् ।"

आयोगका सदस्य थापाले सिमेन्टको कङ्क्रिट ढलानको सडक निर्माण गर्दा फलामे छड नराखेर पनि बलियो खालको संरचना निर्माण गर्न सकिने बताउनुभयो । "हामी सिमेन्टको स्ट्रेन्थ चाहिँ कम राख्छौं, अनि छड हालिदिन्छौं । त्यसले गर्दा एक त टिकाउ पनि हुँदैन र अर्को लागत पनि बढाउँछ । सडकमा सधैं ४० देखि ४५ मेगापास्कल बराबरको स्ट्रेन्थ आउने कङ्क्रिट राख्नुपर्छ", उहाँले भन्नुभयो, "हामीले बलियो खालको सिमेन्टको संरचना प्रयोग गर्दैनौं । बरु घरको छत ढलान गरेजस्तो सामान्य १५-२० मेगापास्कलको कङ्क्रिट प्रयोग गर्छौं । सामान्य घरको छत वा भूईं ढलान गर्ने कङ्क्रिटले सडकमा हुँदैन । सडकका लागि एकदमै बलियो सिमेन्ट कङ्क्रिट बनाउनुपर्छ ।"

आयोगका सदस्य थापाले नागढुङ्गा सुरुङमार्गभित्र पूरै कङ्क्रिटको संरचनाको सडक बनाएको खण्डमा धेरै प्रभावकारी हुने बताउनुभयो । "नागढुङ्गा सुरुङमार्गभित्र पूरै कङ्क्रिटको सडक छ, त्यो ४०-४५ मेगापास्कलकै हो । त्यस्तो उच्च शक्तिको कङ्क्रिट गर्‍यौं भने छडराख्नु नपर्दा लागत ह्वात्तै घट्छ", उहाँले भन्नुभयो । त्यसो गर्दा अलकत्राको पिच र सिमेन्टको पिचको लागत लगभग बराबर पर्न जाने उहाँको भनाइ छ । सिमेन्टको कङ्क्रिटको संरचना पनि कम्तिमा २५ वर्षसम्म टिक्नसक्ने उहाँ बताउनुहुन्छ ।

आयोगका सदस्य थापाका अनुसार चिसो भइराख्ने ठाउँमा अलकत्रा पकाएर पिच गर्नुभन्दा सिमेन्टको कङ्क्रिटबाट सडक निर्माण गर्नु धेरै व्यावहारिक र दीर्घकालीन समयसम्म टिकाउ हुन्छ । हिमाली क्षेत्र र चिसो ठाउँमा पनि कलकत्राको सट्टामा सिमेन्टको पिच गर्दा धेरै प्रभावकारी हुने उहाँको तर्क छ ।

अहिले बिटुमिनको मूल्य बढेकाले पनि अलकत्राबाट कालोपत्रे र सिमेन्टको कङ्क्रिटबाट सडक निर्माणमा हुने लागतमा सामान्य मात्र फरक रहेको रहेको छ । "सामान्यतया बिटुमिनबाट सडक कालोपत्रे गर्दा प्रतिवर्गमिटर रु दुई हजार ८०० देखि तीन हजार जतिमै तयार भएको थियो," आयोगका सदस्य थापाले भन्नुभयो, "प्रतिवर्गमिटर तीन हजारदेखि चार हजार रुपैयाँमा सिमेन्ट कङ्क्रिट सडक पनि तयार पार्न सकिन्छ । फलामे छड नराख्ने हो भने त दुवैको लागत खर्च उस्ताउस्तै जस्तो नै हो ।"

सिमेन्टको कङ्क्रिट सडकमा टायर खिइने समस्या उच्च

सिमेन्टको कङ्क्रिटको सडक निर्माणको सुरुआती लागत धेरै र टिकाउ पनि धेरै हुने गरेको छ । तर, सिमेन्टको कङ्क्रिटको सडकमा सवारीसाधन गुडाउँदा भने सवारीसाधनको टायर बढी खिइने सम्भावना पनि उत्तिकै रहेको छ । आयोगका सदस्य थापाले पनि कङ्क्रिटको सडकमा सवारीसाधन गुडाउँदा टायर खिइने समस्या भने बढी हुने बताउनुभयो । "सिमेन्टको कङ्क्रिटसडकमा पनि एक तहको कालोपत्रे थप गर्ने हो भने सवारीसाधनको टायर खिइने समस्याको पनि अन्त्य गर्न सकिन्छ," उहाँले भन्नुभयो, "विदेशमा पनि पहिला सिमेन्टको कङ्क्रिटको संरचना तयार पारेर माथिल्लो तहमा अलकत्राको कालोपत्रे गरेर व्यवस्थित गर्ने गरिन्छ ।"

केही वर्षअघिसम्म बिटुमिनको मूल्य प्रतिलिटर रु ६५-७० रहेको थियो तर अहिले बिटुमिनको मूल्य बढेर प्रतिलिटर १५०-१६० को हाराहारीमा पुगेको छ । अहिले स्वदेशमा उत्पादन भएको सिमेन्टको प्रतिबोरा मूल्य पनि रु ६००-७०० को हाराहारीमा पुगेको छ । गत आवमा मात्रै करिव रु ११ अर्ब मूल्य पर्ने बिटुमिन आयात भएको बताइन्छ । नेपालका सिमेन्ट उद्योगको औसतमा वार्षिक उत्पादन क्षमता दुईदेखि साढे दुई करोड टन क्षमता रहेको छ ।

नेपाल-भारतबीच मानसिक स्वास्थ्य क्षेत्रमा सहकार्य हुने

काठमाडौँ, १२ कात्तिक (रासस) ।

मानसिक स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि, प्रभावित व्यक्तिलाई मनोसामाजिक सहयोग तथा पुनःस्थापनाका लागि नेपाल र भारतका दुई संस्थाले एकापसमा सहकार्य गर्ने भएका छन् ।

भारतको गोवास्थित गाना गोवा मानसिक स्वास्थ्य अस्पताल तथा पुनःस्थापना केन्द्र र नेपालको ललितपुरस्थित युनाइटेड फेलोसिप नेपाल (युएफएन) को संयुक्त आयोजनामा मानसिक स्वास्थ्य सचेतना कार्यक्रम आयोजना गरिएको हो ।

'स्वस्थ भोलिका लागि सँगै अघि बढौं' भन्ने नारासहित आयोजित कार्यक्रममा मानसिक स्वास्थ्यसम्बन्धी समस्याबारे जनचेतना फैलाउने, प्रभावित व्यक्तिलाई आवश्यक सहयोग उपलब्ध गराउने तथा उनीहरूको जीवन सहज र सम्मानजनक बनाउन सामाजिक सहयोग र संस्थागत सहकार्यको आवश्यकतामा जोड दिइएको थियो ।

कार्यक्रमअन्तर्गत गोवामा दुवै संस्थाका प्रतिनिधिबीच संयुक्त बैठक आयोजना गरिएको थियो । बैठकमा गाना गोवाका मनोचिकित्सक डा प्याट्रिक र मनोसामाजिक परामर्शदाता फ्रान्सिस्को फर्नान्डिस तथा युनाइटेड फेलोसिप नेपालका संस्थापक अध्यक्ष सुजिन महर्जन सहभागी हुनुहुन्थ्यो ।

बैठकमा मानसिक स्वास्थ्यका क्षेत्रमा अनुभव आदानप्रदान, मनोसामाजिक सहयोग विस्तार तथा पुनःस्थापनासम्बन्धी कार्यक्रमलाई अघि बढाउने विषयमा छलफल भएको महर्जनले जानकारी दिनुभयो । मानसिक स्वास्थ्यसम्बन्धी समस्याबाट प्रभावित व्यक्तिलाई आवश्यक परामर्श, सहयोग र पुनःस्थापनाको अवसर उपलब्ध गराउँदै उनीहरूप्रति सकारात्मक दृष्टिकोण विकास गर्नुपर्नेमा कार्यक्रममा जोड दिइएको थियो ।

महर्जनले नेपाली टोलीलाई न्यानो स्वागत र आत्मीय आतिथ्य प्रदान

बाँकी तीन पृष्ठमा

प्रेस स्वतन्त्रता अक्षुण्ण राख्दै आमसञ्चार क्षेत्रलाई व्यवस्थित बनाउनुपर्छ : मन्त्री डा तिमिल्सिना

काठमाडौँ, १२ कात्तिक (रासस) । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्दै आमसञ्चार क्षेत्रलाई थप व्यवस्थित, जिम्मेवार र उत्तरदायी बनाउनुपर्नेमा जोड दिनुभएको ।

प्रस्तावित आमसञ्चारसम्बन्धी विधेयक, २०८३ को मस्यौदाउपर बिहीबार मन्त्रालयमा आयोजित सरोकारवाला निकाय तथा पदाधिकारीसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले प्रेस स्वतन्त्रता र त्यसको दुरुपयोगबीचको सीमालाई स्पष्ट पार्न त्यसै बमोजिमको कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभएको हो ।

कानुन र सञ्चारमाध्यम लोकतान्त्रिक समाजका महत्वपूर्ण आधार हुन् भन्नुहँदै उहाँले यी दुवैको सम्बन्धलाई बडो जिम्मेवार रुपमा सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कानुनले राज्यका बाध्यकारी नियम र संस्थागत व्यवस्थालाई प्रतिनिधित्व गर्ने तथा सञ्चारमाध्यमले नागरिकलाई सूचना प्रदान गर्ने, सार्वजनिक बहसलाई सहजीकरण गर्ने र सरकारलाई जवाफदेही बनाउन भूमिका निर्वाह गर्ने उहाँको भनाइ थियो ।

मन्त्री डा विक्रम तिमिल्सिनाले प्रेसजगत्ले सम्प्रेषण तथा सम्पादन गरेका कार्यलाई आफू पनि त्यसको उपभोक्ता तथा सर्वसाधारण नागरिक भएर सोच्न पनि सुझाउनुभयो ।

पत्रकारिता समाजको सबैभन्दा जिम्मेवार र सामाजिक उत्तरदायित्वपूर्ण कार्य भएकाले आफ्ना कर्मलाई आफैँले पनि एक नागरिक तथा उपभोक्ताका रुपमा मूल्याङ्कन गर्नुपर्ने उहाँको भनाइ थियो । यदि त्यसो गर्न सकियो भने संविधानप्रदत्त प्रेस स्वतन्त्रताको अधिकारका साथै नागरिकको वैयक्तिक स्वतन्त्रताको पनि दुरुपयोग नहुने उहाँको तर्क थियो ।

मन्त्री डा तिमिल्सिनाले भन्नुभयो "प्रेस स्वतन्त्रता त संवैधानिक अधिकार हो, कसैले खोस्न सक्दैन । अब अर्को संविधान आउँदा पनि यो अधिकारको हनन् हुनेवाला छैन, तर प्रेसले पनि संविधानले दिएको स्वतन्त्रताको यो अधिकारको दुरुपयोग गर्नु हुँदैन, यसको सम्मान गर्न सक्नुपर्छ ।"

उहाँले कानुन र 'मिडिया'का बीचको अन्तरसम्बन्ध अति नै संवेदनशील हुने भएकाले एक अर्काको मर्यादा र दायराभित्र रहेर परिभाषित गरिनुपर्ने पनि बताउनुभयो ।

उहाँले भन्नुभयो, "कुनै पनि देशको प्रजातन्त्र र 'मिडिया' एक अर्काका परिपूरक रहेका कारणले नै यी दुवै कस्ता अर्थात् कत्तिको लोकतान्त्रिक र उत्तरदायी छन् भन्ने कुरा यिनैका कर्म र व्यवहारले निर्धारण गर्ने गर्दछ । त्यसैले अधिकारप्राप्त हुनु भनेको उत्तरदायी हुनु हो, सबैप्रति जवाफदेही हुनु हो ।"

उहाँले मिडिया र राजनीति दुवै जति स्वस्थ हुनुपर्ने हो त्यति नरहेकाले सबैले सच्चिएर र आफूलाई सुधार गरेर अघि बढ्नुपर्नेमा पनि जोड दिनुभयो ।

मन्त्री डा तिमिल्सिनाले प्रेस जगतको स्वतन्त्रता एवं नागरिको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्दै मिडियाजगत्ले खोजेको र राष्ट्रिय आवश्यकता बमोजिमको आमसञ्चार कानुन निर्माण गर्ने काममा सरकार लागेको स्पष्ट गर्नुभयो ।

उहाँले कानुन निर्माण गर्दा सरोकार भएका सबैको सहभागिता र परामर्श आवश्यक रहेकाले कैयौं चरणमा यस्ता छलफल गरिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "विधि बनाउने मन्त्री, कर्मचारी या कुनै नेताले नभएर सबै मिलेर हो, सम्बद्ध सबैको सरोकार र सहभागिता आवश्यक छ । त्यसैले आमसञ्चार कानुन यस्तो बनोस् कि मिडियाले पनि त्यसको दुरुपयोग नगरोस् र सरकारले पनि मिडियाका अधिकारको हनन गर्न नसकोस् ।"

मन्त्रालयका सचिव राजेन्द्रकुमार पौडेलले प्रस्तावित आमसञ्चारसम्बन्धी विधेयक, २०८३ को मस्यौदालाई सरोकारवालाको सुझावका आधारमा परिमार्जन गरी थप परिष्कृत बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो छलफल तथा अन्तरक्रियामा उहाँले आमसञ्चार क्षेत्र संवेदनशील र बहुआयामिक भएकाले यस क्षेत्रका सरोकारवालासँग पर्याप्त छलफल गरेर मात्र विधेयकलाई अन्तिम रूप दिइने बताउनुभयो ।

उक्त विधेयकको प्रारम्भिक मस्यौदामाथि बिहीबार भएको अन्तरक्रिया कार्यक्रममा विभिन्न मिडियाका प्रतिनिधिले सुझाव दिनुभएको थियो ।

औद्योगिक प्रदूषण कम गर्दै स्वच्छ ऊर्जा प्रयोगलाई बढाउने योजना अघि बढ्यो

काठमाडौँ, १२ कात्तिक (रासस) । विश्व बैंक समूहअन्तर्गतको इन्टरनेशनल डेभलपमेन्ट एसोसिएसनले नेपाल सरकारलाई औद्योगिक प्रदूषण कम गर्न स्वच्छ ऊर्जा प्रयोगका लागि उद्योगहरूलाई प्रोत्साहन गर्न नेपाल स्वच्छ वायु तथा समृद्धि परियोजना अघि बढाएको छ ।

एसोसिएसनले सो परियोजनाका लागि तीन करोड अमेरिकी डलर सहुलियत ऋण र ४० लाख अमेरिकी डलर अनुदान दिने सम्झौता भइसकेको छ । सो परियोजना कार्यान्वयन गर्न वित्तीय मध्यस्थकर्ता बैंकको रूपमा राष्ट्रिय वाणिज्य बैंकले कर्जा प्रदान गर्न नेपाल सरकार अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र बैंकबीच सम्झौता भएको राष्ट्रिय वाणिज्य बैंकका उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी भीमप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

उद्योगहरूलाई अनुदान उपलब्ध गराउन नेपाल सरकार उद्योग मन्त्रालय, उद्योग विभाग र बैंकबीच सम्झौता सम्पन्न भएको सूचना अधिकारी घिमिरेले बताउनुभयो । यो परियोजनाबाट करिब ४०० उद्योग लाभान्वित हुने बताइएको छ ।

परियोजनामार्फत औद्योगिक प्रदूषणको कारण खस्किएको वायुको गुणस्तरमा उल्लेख्य सुधार आउने दाबी गरिएको छ । राष्ट्रिय वाणिज्य बैंकले हरित वित्त प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको जनाएको छ ।

स्थानीय तहको निर्वाचनलाई गैरदलीय बनाउन उज्यालो नेपालको ध्यानाकर्षण

काठमाडौँ, १२ कात्तिक (रासस) । उज्यालो नेपाल पार्टीले आगामी स्थानीय तहको निर्वाचन गैरदलीय प्रणालीबाट सम्पन्न गर्न तथा विदेशमा रहेका नेपाली नागरिकलाई आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहको निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था सुनिश्चित गर्न माग गर्दै निर्वाचन आयोगमा ज्ञापनपत्र बुझाएको छ ।

सो पार्टीका अध्यक्ष कुलमान घिसिङले प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीसमक्ष बहादुर भवनस्थित आयोगको कार्यालयमा ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा स्थानीय तहको निर्वाचनलाई दलीय स्वार्थ र राजनीतिक शक्ति प्रदर्शनबाट मुक्त गर्दै नागरिकको प्रत्यक्ष सेवा, सुशासन र विकासमा केन्द्रित बनाउन गैरदलीय निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्ने माग गरिएको छ । स्थानीय तहको नेतृत्व चयन गर्दा दलगत प्रभावभन्दा उम्मेदवारको योग्यता, इमानदारी, कार्यक्षमता, कार्ययोजना र नागरिकप्रतिको जवाफदेहितालाई प्राथमिकता दिनुपर्ने सो पार्टीको धारणा रहेको छ ।

ज्ञापनपत्रमा गैरदलीय स्थानीय निर्वाचनको विषय सार्वजनिक बहस र राजनीतिक प्रतिबद्धताका रूपमा अघि आइसकेको सन्दर्भ उल्लेख गर्दै त्यसलाई नीतिगत निर्णय र कार्यान्वयनको प्रक्रियामा लैजानुपर्नेमा जोड दिइएको छ ।

नेपाल-भारतबीच ...

गरेकामा गाना गोवा मानसिक स्वास्थ्य अस्पताल तथा पुनःस्थापना केन्द्रको टोलीप्रति आभार व्यक्त गर्नुभएको थियो । दुवै संस्थाबीचको सहकार्यबाट आगामी दिनमा मानसिक स्वास्थ्य सचेतना, मनोसामाजिक सहयोग तथा पुनःस्थापनाका क्षेत्रमा थप कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विश्व समाचार

गंगाजल सन्धि नवीकरणका लागि बङ्गलादेशको पहल

राजशाही (बङ्गलादेश), १२ कात्तिक (रासस/एएफपी) । भारत र बङ्गलादेशबीच गङ्गा नदीको पानी बाँडफाँटसम्बन्धी ३० वर्षे सन्धि डिसेम्बर १२ मा समाप्त हुन लाग्दा बङ्गलादेशले नयाँ सम्झौताका लागि पहल गरेको छ । सन्धि नवीकरण नभएमा पानीको अभाव बढ्ने, कृषि उत्पादन घट्ने र लाखौं मानिसको जीविकोपार्जन प्रभावित हुने चिन्ता व्यक्त गरिएको छ ।

बङ्गलादेशको सुख्खाग्रस्त बरिन्द क्षेत्रमा गङ्गा नदीको बहाव घट्दा धान र गहुँको उत्पादन प्रभावित भएको छ । स्थानीय बासिन्दाका अनुसार नदीमा पानी र माछा घटेपछि किसान तथा माछा मार्नेहरू समस्यामा परेका छन् । गत सिजन बाली बिग्रिएपछि दुई किसानले आत्महत्या गरेको स्थानीयवासी विकास सोरेनले बताउनुभयो ।

सन् १९९६ को सन्धिले भारतको फरक्का ब्यारेजमा सुख्खायामको पानी बाँडफाँटको व्यवस्था गरेको छ । बङ्गलादेशले नयाँ सम्झौता आपसी लाभ र सम्मानमा आधारित हुनुपर्ने जनाएको छ । सन्धि नवीकरणका लागि गरिएको अनुरोधमा भारतबाट प्रतिक्रिया नआएको बङ्गलादेशको भनाइ छ । भारतले भने नदीसम्बन्धी विषय संयुक्त नदी आयोगमार्फत छलफल गरिने जनाएको छ ।

भारत र बङ्गलादेशबीच ५४ वटा सीमापार नदीको पानी बाँडफाँटसम्बन्धी विषयमा लामो समयदेखि छलफल हुँदै आएको छ । टिस्टा नदीसम्बन्धी प्रस्तावित सम्झौता पनि सन् २०११ देखि टुङ्गोमा पुग्न सकेको छैन ।

बङ्गलादेशका वातावरणविद् शेख रोकनका अनुसार विगतमा सन्धिबिनाको अवधिमा गङ्गाको बहाव घट्दा केही नदी सुक्ने अवस्थामा पुगेका थिए । पानीको अभावले गङ्गा-कोबादक सिँचाइ परियोजनाको क्षेत्रसमेत घटेको छ । पानीको कमी कम गर्न बङ्गलादेशले दुई अर्ब ८० करोड अमेरिकी डलर लागतको पद्मा ब्यारेज परियोजना अघि बढाएको छ र यसमा ११३ मेगावाटको जलविद्युत् आयोजना पनि समावेश छ ।

जलवायु परिवर्तनका कारण सुख्खायाममा पानीको अभाव र मनसुनमा बाढीको जोखिम बढ्दा बङ्गलादेशको कृषि तथा नदी किनारका बस्ती थप प्रभावित भएका छन् । नदी कटानका कारण घर गुमाएकी ५० वर्षीया रेहाना खातुन अहिले बाँसको अस्थायी आश्रयमा बस्दै आउनुभएको छ ।

बङ्गलादेशका लागि गङ्गा जल सन्धिको नवीकरण कृषि, जीविकोपार्जन र वातावरणीय सन्तुलनसँग जोडिएको महत्त्वपूर्ण विषय बनेको छ । दुवै देशमा ताजा पानीको माग बढिरहेका बेला समयमै नयाँ सहमति हुन नसके अवस्था थप कठिन हुन सक्ने चिन्ता व्यक्त गरिएको छ ।

इरानसँग वार्ता अघि बढाउन भान्सको पहल

वासिङ्टन, १२ कात्तिक (रासस/एएनआई) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि पुनः सैन्य आक्रमण गर्ने धम्की दिइरहेका बेला उपराष्ट्रपति जे. डी. भान्सले शान्ति वार्ता अघि बढाउने प्रयासमा इरानका प्रभावशाली नेता मोहसेन रेजाईलाई पत्र पठाउनुभएको छ । 'द वाल स्ट्रिट जर्नल' का अनुसार ट्रम्पकै निर्देशनमा पठाइएको पत्रको उद्देश्य दुई देशबीच वार्ताको सम्भावना खोज्नु हो ।

तर, ट्रम्पले भान्सलाई शान्ति वार्ता सुरु गर्न निर्देशन दिएको दाबी अस्वीकार गर्दै उहाँको सम्पर्क इरानलाई चिकित्सा सामग्री उपलब्ध गराउने विषयमा केन्द्रित रहेको बताउनुभएको छ ।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव तथा इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सका पूर्वकमाण्डर रेजाईले इरानका आधारभूत माग पूरा नभएसम्म अमेरिकासँग वार्ता नगर्ने बताउनुभएको थियो । यसअघि भान्सले युद्ध लम्बिने जोखिमप्रति चिन्ता व्यक्त गर्दै कूटनीतिक समाधानको पक्षमा धारणा राख्नुभएको थियो । ट्रम्पले उहाँलाई प्रमुख वार्ताकार नियुक्त गरेपछि भान्सले सम्झौताको प्रयासमा दुईपटक विदेश यात्रा गर्नुभएको थियो ।

हर्मुज जलघाँटी हुँदै समुद्री आवागमन सञ्चालन गर्ने विषयमा मतभेद भएपछि जुनमा भएको समझदारी दुई सातामै भङ्ग भएको थियो । कतार र पाकिस्तानको सहजीकरणमा भएका पछिल्ला वार्ता पनि निष्कर्षमा पुग्न सकेका छैनन् । अमेरिकाले इरानसँग आणविक कार्यक्रममा अग्रिम छुट मागिरहेको छ भने इरानले तत्काल आर्थिक राहत चाहेको छ ।

यसैबीच, ट्रम्पले मध्यावधि चुनावपछि इरानमाथि छोटो र तीव्र सैन्य आक्रमण गर्ने विकल्पबारे विचार गरिरहनुभएको छ । उहाँले इरानले सम्झौतामा पुग्ने प्रयास लम्ब्याएको आरोप लगाउँदै आउनुभएको छ । बढ्दो युद्ध र इन्धनको मूल्यले रिपब्लिकन उम्मेदवारलाई चुनावी चुनौती थपिरहेका बेला सन् २०२८ को राष्ट्रपतीय उम्मेदवारीका सम्भावित दाबेदार भान्सले विदेश नीति र घरेलु राजनीतिक जोखिमबीच सन्तुलन मिलाउनुपर्ने भएको छ ।

खर्चको विवरण सार्वजनिक गर्नुपर्नेमा समितिको जोड

काठमाडौँ, १२ कात्तिक (रासस)।

भोटेकोशी तथा कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्राप्त रकम, प्रभावित वडा र पालिकामा भएको खर्चको विस्तृत विवरण सार्वजनिक गर्नुपर्नेमा जोड दिएको छ।

समितिको बिहीबारको बैठकले कोषमा जम्मा भएको कूल रकम, रकम प्राप्त भएको स्रोत, प्रभावित क्षेत्रका लागि विनियोजन तथा खर्च भएको रकम र वडा तथा पालिकागत विवरणबारे जानकारी लिएको हो।

समिति सभापति कृष्णप्रसाद पौडेलले कोषबाट विपद् सङ्कटग्रस्त जिल्लाका स्थानीय तह र वडालाई उपलब्ध गराइएको राहत तथा क्षतिपूर्तिको विवरणसमेत माग गर्नुभयो।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष र नेपाल प्रधानमन्त्री राहत कोषमा गरी रु १८ अर्ब २८ करोड पाँच लाख ३२ हजार ५९३ जम्मा रहेको जानकारी दिनुभयो।

कोषमा विभिन्न बैंकमार्फत जम्मा भएको रकमको स्रोतगत विवरण भने एक्सेल विवरणबाट निकालेर उपलब्ध गराउने उहाँले बताउनुभयो। सोही बैठकमा अर्थ सचिव डा घनश्याम उपाध्यायले भोटेकोशी बाढीपछि प्रभावित जिल्लाका स्थानीय तहलाई एनडीआरआरएमएमार्फत हालसम्म रु २४ करोड २० लाख उपलब्ध गराइएको जानकारी दिनुभयो।

रसुवा र भोटेकोशी बाढीका लागि सम्बन्धित जिल्ला तथा स्थानीय तहमा रु १६ करोड, पुनः रु छ करोड र पटक-पटक गरी रु दुई करोड २० लाख परिचालन भएको उहाँले बताउनुभयो।

त्यस्तै, नेपाल प्रहरीका लागि रु ९७ करोड, सशस्त्र प्रहरी बलका लागि रु ६६ करोड र नेपाली सेनाका लागि रु ९१ करोड गरी रु दुई अर्ब ५४ करोडको स्रोत सहमति दिएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र कारागारसमेतका लागि रु २६ करोड पाँच लाख ३५ हजार निकासा भएको उहाँले जानकारी दिनुभयो।

राष्ट्रिय योजना आयोगको प्रारम्भिक विपद् क्षति आकलनअनुसार विपद्बाट रु चार खर्ब आठ अर्ब २९ करोड बराबरको क्षति तथा नोक्सानी भएको छ। पुनःनिर्माणका लागि रु सात खर्ब २३ अर्ब ३१ करोड आवश्यक पर्ने प्रारम्भिक आकलन रहेको र विस्तृत पिडीएनए अन्तिम चरणमा रहेको सचिव उपाध्यायले समितिलाई जानकारी गराउनुभयो।

विपद् उद्धारका क्रममा मृत्यु भएका राष्ट्रसेवकका आश्रित परिवारलाई प्रतिमृतक रु १० लाख उपलब्ध गराउने तथा घाइते राष्ट्रसेवकको उपचार खर्च सरकारले बेहोर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो। भोटेकोशी र त्रिशूली बाढीबाट विस्थापित परिवारलाई अस्थायी बसोबासका लागि छ महिनासम्म राहत उपलब्ध गराउने निर्णयसमेत भएको समेत जानकारी गराइएको थियो।

अर्थसचिव डा उपाध्यायका अनुसार बाढी प्रभावित व्यवसायलाई कर, बिमा, ऋण तथा ब्याजमा सहुलियत दिने निर्णय भएको छ। उहाँका अनुसार पुनर्निर्माणका लागि विपद् परिषद्बाट रु दुई खर्ब २५ अर्ब ७७ करोड आठ लाखका आयोजना स्वीकृत भएका छन्। सम्बन्धित मन्त्रालयहरूले प्राथमिकता निर्धारण गरी खरिद प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयमा सहमतिका लागि प्रस्ताव पेस गर्ने क्रममा रहेको र मन्त्रालयबाट पत्राचार हुनासाथ प्रक्रिया अगाडि बढाइने उहाँले बताउनुभयो।

पुनःनिर्माणका लागि नियमित सरकारी बजेट र सम्बन्धित मन्त्रालयमार्फत स्रोत व्यवस्थापन गरिनेछ भने तत्कालीन राहत तथा उद्धारमा प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको रकम परिचालन गरिने उहाँले जानकारी दिनुभयो।

सरकारी अनुदान मिलाइदिने भन्दै पाँच करोड ८० लाख ठगी

काठमाडौँ, १२ कात्तिक (रासस)।

कृषि फार्म सञ्चालनका लागि सरकारबाट सहुलियत अनुदान मिलाइदिने भन्दै रु पाँच करोड ८० लाख ठगी गर्ने दुई जना पक्राउ परेका छन्।

केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले काठमाडौँ महानगरपालिका-१४ ताहाचलका ५२ वर्षीय श्रीकृष्ण महर्जन र ललितपुर महानगरपालिका-१४ नखिपोटका ६० वर्षीय नारायण खनाललाई पक्राउ गरेको हो।

जालिम सिंह महतोको जाहेरीका आधारमा सिआइबीको टोलीले उनीहरुलाई पक्राउ गरेको हो।

उनीहरुले विभिन्न मन्त्रालयका कर्मचारीसँग राम्रो चिनजान भएको भएको भन्दै कृषि फार्मका लागि सहुलियत अनुदान मिलाइदिने भन्दै पटक-पटक गरी उक्त रकम ठगी गरेको ब्यूरोका प्रहरी उपरीषक योगेन्द्रकुमार खड्काले जानकारी दिनुभयो।

राजबिराज नगरपालिका
६ नं. वडा कार्यालय
राजबिराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं. ५६४

मिति : २०८३/०७/१२

विषय :- राजबिराज नगरपालिका वडा नं. ६ बाट जारी गरिएको सुचना ।

श्री ....
राजविराज, सप्तरी

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी सा. राजविराज न.पा. वडा न. ७ हाल राजविराज न.पा. वडा न. ६ वस्ने स्व. देव सुन्दर चौधरीको वुहारी स्व. सत्रुधन प्रसाद चौधरीको पत्नी ना.प्र.न. ७६०८०१७२१ श्रीमती हैंसा देवी चौधरीको मिति २०८३/०७/१२ दर्ता न. ५४६ को निवेदन मांग भए अनुसार सो सम्वन्धमा स्व. सत्रुधन प्रसाद चौधरीको नाउँमा जि. सप्तरी राजविराज न.पा. वडा न. ७ हाल राजविराज न.पा. ६ पर्ने जग्गाको किता न. २७ को जम्मा क्षेत्रफल ०,०१०१.२० दर्ता कायम तथा भोग चलनमा रहेको र स्व. सत्रुधन प्रसाद चौधरीको मिति २०८१/१०/१७ गतेमा मृत्यु भैसकेको हुंदा सो जग्गा निजको पत्नी श्रीमती हैंसा देवी चौधरी लाई श्री मालपोत कार्यालयको नाउँमा सिफारिस गरिदिएमा अरु कसैको हकदावी, अंश रहेको भए सो आफु संग भएको सवुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ दिन भित्र आई दिनुहोला अन्यथा कानुन वमोजिम भई जाने छ ।

मस्तिष्कघातबाट ५० हजारभन्दा बढी प्रभावित

काठमाडौँ, १२ कात्तिक (रासस)।

मुलुकमा प्रत्येक वर्ष मस्तिष्कघातबाट ५० हजारभन्दा बढी मानिस प्रभावित हुने गरेका छन्। विश्व मस्तिष्कघात दिवसका सन्दर्भमा नेपाल पक्षघात सङ्घका निवर्तमान अध्यक्ष राजु पौडेलले राससससँगको कुराकानीमा उक्त तथ्य प्रस्तुत गर्नुभएको हो।

'हरेक मिनेट महत्वपूर्ण हुन्छ' नाराका साथ आज नेपालमा पनि मस्तिष्कघातका दिवस मनाउन लागिएको छ। नेपालमा प्रत्येक १० मिनेटमा एक जनामा मस्तिष्कघात हुने गरेको उहाँले बताउनुभयो।

अध्यक्ष पौडेलले भन्नुभयो, "मस्तिष्कघात मस्तिष्कको कुनै भागमा रक्तसञ्चार नभएमा हुने गर्दछ, मस्तिष्कमा अक्सिजन तथा पोषक तत्वको कमी भएमा रक्त धमनीमा रगत जम्मा भएर अवरोध हुँदा मस्तिष्कले आफ्नो नियन्त्रण गुमाउँछ, त्यसैलाई मस्तिष्कघात भनिन्छ।"

नेपालमा मस्तिष्कघातको वर्तमान अवस्था र उपचारका लागि गरिने उपायको खोजी गर्न सन् २०१७ मा नेपाल पक्षघात सङ्घ स्थापना गरी विभिन्न कार्यक्रम हुँदै आएको छ। डा पौडेल मस्तिष्कघातको उपचारका लागि अन्तरराष्ट्रिय मापदण्ड तय गरिँदै आएको बताउनुभयो।

सङ्घले जर्मनीको हाइडलबर्गको युनिभर्सिटी हस्पिटलसँग पक्षघात सहकार्य गर्दै आएको छ। त्यसैगरी, जिआइजेड, विश्व स्वास्थ्य सङ्गठनलगायत संस्थासँगको सहकार्यमा मस्तिष्कघातसम्बन्धमा काम गर्दै आएको छ।

डा पौडेल मस्तिष्कघात भएकामध्ये एक तिहाइले अकालमा ज्यान गुमाउनुपरेको भन्दै यसलाई भयावह हुन नदिन सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुहुन्छ। "विश्वमा हरेक चार जनामा एक जनालाई र तीन सेकेन्डमा एक जनालाई पक्षाघातको सम्भावना हुन्छ, यसबाट सजग हुनुपर्छ", उहाँ भन्नुहुन्छ।

विश्वभर प्रत्येक वर्ष मस्तिष्कघातका कारण एक करोड २० लाख मानिस प्रभावित हुँदै आएका छन्। प्रभावितमध्ये ५० प्रतिशतको मस्तिष्कघातका कारण मृत्यु हुने गरेको डा पौडेलले बताउनुभयो।

नेपालजस्तो अल्पविकसित र विकासोन्मुख देशमा मस्तिष्कघातको दर बढी भएकाले सरकारले समयमै ध्यान दिनु जरुरी रहेको उहाँको भनाइ छ। नेपालमा अहिले मस्तिष्कघात भएकामध्ये १५ देखि २० प्रतिशतको मृत्यु हुने गरेको बताइन्छ।

उहाँका अनुसार उच्च रक्तचाप, मधुमेह, मोटोपन, धुमपान, निष्क्रिय जीवन पद्धति, असन्तुलित आहार र मुटुको चाल गडबड हुँदा पक्षघातको सम्भावना हुने भएकाले त्यसप्रति सतर्क रहनुपर्छ।

सन्तुलन गुम्नु, अनुहार बाङ्गो हुनु, आँखाको ज्योति अचानक गुम्नु, बोली लरबराउनु, हातखुट्टा लुलो हुनु पक्षघातको लक्षण भएको र यस्ता लक्षण देखिए चार घण्टाभित्रै अस्पताल पुग्नसके उपचार सम्भव रहेको डा पौडेल बताउनुहुन्छ।

मस्तिष्कघात हुँदा शरीरमा रगत जम्ने भएकाले रगत पातलो बनाउने औषधि प्रयोग गरेर बिरामीको उपचार गर्नुपर्ने र यसका अतिरिक्त बिरामीलाई फिजियोथेरापी गर्नुपर्ने हुन्छ।

कुरियरमार्फत ल्याइएको गाँजासहित दुई भारतीय पक्राउ

काठमाडौँ, १२ कात्तिक (रासस)।

लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरको टोलीले अमेरिकाबाट कुरियरमार्फत ल्याइएको एक किलो ३३८ ग्राम गाँजासहित दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारतको गुजरात राज्यस्थित अहमदाबादका २३ वर्षीय भावसिंड र सोही राज्यको अहमदाबादस्थित ओर्किड एप्पलवुड्स टाउनसिपका ३३ वर्षीय वन्दित पटेल रहेका छन्।

लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरका सहप्रवक्ता एवं प्रहरी नायब उपरीक्षक जीवन निरौलाका अनुसार विशेष सूचनाका आधारमा सञ्चालन गरिएको प्रहरी कारबाहीका क्रममा उनीहरूलाई पक्राउ गरिएको हो।

उहाँका अनुसार यही कात्तिक १० गते अमेरिकाबाट कुरियरमार्फत कागजात (डकुमेन्ट)को आवरणमा लुकाइछिपाई नेपाल ल्याइएको एक किलो ३३८ ग्राम गाँजा बरामद गरिएको हो। उक्त लागूऔषध डेलिभरी नियन्त्रण विधिमार्फत बरामद गरी त्यस कार्यमा संलग्न रहेको आरोपमा दुवै जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

विदेशबाट कुरियरमार्फत लागूऔषध ल्याइएको भन्ने विशेष सूचना प्राप्त भएपछि ब्यूरोको टोलीले निगरानी तथा अनुसन्धान अघि बढाएको थियो। सोही क्रममा कुरियरमार्फत आएको शङ्कास्पद सामग्रीको अनुसन्धान गर्दा गाँजा फेला परेको प्रहरीको भनाइ छ।

ब्यूरोका सहप्रवक्ता निरौलाले पक्राउ परेका दुवै जनामाथि लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो। प्रहरीले उक्त लागूऔषध नेपाल ल्याउनुको उद्देश्य, त्यसको वास्तविक गन्तव्य तथा यस कार्यमा अन्य व्यक्तिको संलग्नता रहे नरहेको विषयमा अनुसन्धान अघि बढाइएको जनाएको छ।

कांग्रेसको नवनिर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यको शपथ

ललितपुर, १२ कात्तिक (रासस)।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको १५औँ महाधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ।

पार्टीको केन्द्रीय निर्वाचन समितिद्वारा केन्द्रीय कार्यालय सानेपामा बिहीबार आयोजित कार्यक्रममा सभापति थापाले उहाँहरुलाई शपथ दिलाउनुभएको हो। महाधिवेशनबाट सभापतिमा निर्वाचित थापाले भने गत असोज ३१ गते नै पद तथा गोपनीयताको शपथ लिइसक्नुभएको थियो। उहाँबाहेक अन्य पदाधिकारी र केन्द्रीय सदस्यले बिहीबार शपथ लिनुभएको हो।

शपथग्रहणलगत्तै निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले निर्वाचित केन्द्रीय पदाधिकारी तथा सदस्यहरुलाई प्रमाणपत्र पनि वितरण गर्नुभयो। त्यस अवसरमा संयोजक खड्काले उक्त महाधिवेशनलाई कांग्रेसले मात्र नभई आम नेपाली नागरिकले चासोका साथ लिएका बताउनुभयो। उहाँले देशमा विधिको शासन, संवैधानिक सर्वोच्चता कायम राख्न सबै केन्द्रीय पदाधिकारी तथा सदस्यलाई आग्रह गर्नुभयो।

नागरिकप्रति ...

कार्यसम्पादनमाथि भ्रम सिर्जना गर्ने उद्देश्यले नियोजितरुपमा भ्रामक सूचना सम्प्रेषण गरी नेपाल प्रहरीलाई कमजोर बनाउने वा सुरक्षा सङ्गठनलाई विवादमा तानेर सरकारविरुद्ध खेल्न सकिन्छ भन्ने सोच बनाएका सीमित व्यक्तिको चालबाजीलाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइनेछ", केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*